Citizen Life Insurance

समृद्धि तपाईंको, साथ हाम्रो

# सिटिजन वार्षिक अग्रिम भुक्तानी बीमा योजना

## Citizen Annual MoneyBack Insurance Plan



# सिटिजन बार्षिक अग्रिम भुक्तानी बीमा योजना

ग्राहकवर्गहरुको सुरक्षा र निश्चिन्तताको लागि नवीनतम योजनाहरु पस्किन सदैव अग्रसर सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले यही क्रमलाई निरन्तरता दिदै सिटिजन बार्षिक अग्रिम भुक्तानी जीवन बीमा योजना नामक नया बीमा योजना प्रस्तुत गरेको छ । बीमितहरुको भावी योजनाहरुलाई सार्थक बनाउनको लागि यस बीमा योजनाले बीमा अवधिभर जोखिम बहन गर्नुका साथै वित्तीय आवश्यकताहरु पूरा गरी निर्धक्क साथ जीवनयापन गर्न र भैपरी आउने समस्याहरुमा सरल तरिकाबाट आर्थिक सुरक्षामा टेवा पु-याउने उद्देश्ले वार्षिक रुपमा बीमाङ्कको पांच प्रतिशत रकम बीमितलाई भुक्तानी गर्दछ । यस विशेषताले ग्राहकहरुलाई बीमा योजना अनुसारको आफ्नो बीमाशुल्क भुक्तानीको भार व्यवस्थापन गर्न समेत अझ सरल र सहज गराउछ । यसका साथै यस योजनाले बैंक तथा वित्तीय संस्थाबाट ऋण सुविधा उपभोग गारिरहेका ग्राहक वर्ग तथा निरन्तर पैसा लगानी गारिराख्ने व्यवसायीहरुलाई समेत आफ्नो नगद प्रवाह व्यवस्थापन गर्न सहयोग गर्दछ ।

## बीमा योजनाका विशेषताहरू

- न्यूनतम प्रवेश उमेर ..............................: ५ वर्ष
- अधिकतम प्रवेश उमेर ............................: ६५ वर्ष
- अधिकतम बीमा समाप्ति उमेर ...............: ७० वर्ष
- न्यूनतम बीमा अवधि..............................: ५ वर्ष
- अधिकतम बीमा अवधि............................: २० वर्ष
- न्यूनतम बीमाङ्क रकम.............................: रु. २००,०००/- (दुई लाख)
- अधिकतम बीमाङ्क रकम...........................: बीमितको आयको आधारमा कम्पनीको जोखिमाङ्कन नीति अनुसार
- बीमाशुल्क भुक्तानी तरिका.......................: वार्षिक, अर्धवार्षिक, त्रैमासिक

## यस बीमालेखको मुख्य आर्कषणहरू:

• यस बीमा योजना अन्र्तगत बीमाङ्क रकमको ५ प्रतिशतले हुने रकम प्रत्येक बर्ष बार्षिकोत्सवको मितिमा बीमितलाई भुक्तानी गारिनुका साथै बीमा अवधि समाप्ति नहुदै बीमितको मृत्यु भएमा मृत्यु अगाडी बीमितले प्राप्त गरेको रकम नकटाई पुरै बीमाङ्क रकम र नियमानुसारको आर्जित बोनस रकम बीमितले इच्छाएको व्यक्ति वा निजको हकवालालाई भुक्तानी गारिने ।

• बैंक तथा वित्तीय संस्थाबाट कर्जा सुविधा उपभोग गर्ने ग्राहक वर्गहरुको लागि किस्ताबन्दीमा तिर्नुपर्ने रकममा आर्थिक भार कम हुने ।

- प्रत्येक बर्ष अग्रीम रुपमा प्राप्त हुने रकमबाट आफ्नो भावी योजनालाई परिपुर्ति गार्न सहज हुने ।
- ऐच्छिक सुविधा अर्न्तगत करारमा उल्लेख भए बमोजिम दुर्घटनाको कारणबाट मृत्यु वा पूर्ण रुपमा अपाङ्ग (स्थायी पूर्ण अशक्तता) भएमा बीमाङ्कमा रकममा नबढ्ने गारी रु.एक करोड सम्म भुक्तानी हुने ।
- स्थायी पूर्ण अशक्तता भएपश्चात बीमालेखको बांकी अवधिको बीमाशुल्क पूर्ण रुपमा छुट हुनुका साथै सो घटना पछि बीमाङ्कको एक प्रतिशतले हुने रकम प्रत्येक महिना भुक्तानी हुने ।
- बीमा समाप्ती मिति अगावै बीमितको मृत्यु भएमा रु. पचास हजारमा नबढ्ने गारी बीमाङ्कको २५ प्रतिशतले हुने रकम काजक्रिया खर्च वापत उपलब्ध गाराइने ।
- न्युनतम बीमाशुल्कमा विभिन्न २० घातक रोगाहरु लागोमा रु. पचास लाख सम्म भुक्तानी गारिने ।
- बीमाङ्क रकम तथा बीमा शुल्क भुक्तानी तरिकाको आधारमा बिशेष छुटको व्यवस्था रहेको ।

**बीमाङ्क रकमको आधारमा बीमा शुल्क दरमा निम्न बमोजिम छुट प्रदान गारिने छ :**

| बीमाङ्क रकम | प्रदान गारिने छुट (प्रति हजारमा) |
|---|---|
| रु.३,००,००१/- देखि रु.५,००,०००/- सम्म | रु.१/- |
| रु.५,००,०००/- भन्दा माथि | रु.२/- |

**बीमाशुल्क भुक्तानी तरिकाको आधारमा निम्न बमोजिम बीमाशुल्क थप/छुट प्रदान गारिनेछ :**

१. बार्षिक बीमाशुल्क भुक्तानी गार्दा.......................:२ प्रतिशत छुट

२. अर्ध-बार्षिक बीमाशुल्क भुक्तानी गार्दा...............:१ प्रतिशत छुट

३. त्रैमासिक बीमाशुल्क भुक्तानी गार्दा...................:कुनै थप/ छुट छैन

**बीमाङ्क रकम (बीमा लाभ) भुक्तानी दिइने अवस्था :**

(क) बीमा अवधि सम्म बीमित जीवित रहेमा बीमालेखको शर्तहरुको अधिनमा रही देहाय अनुसारको रकम भुक्तानी गारिनेछ :

१. बीमा प्रारम्भ मितिले प्रत्येक वार्षिकोत्सव मितिमा बीमाङ्कको ५ प्रतिशत रकम ।

२. बीमा समाप्ती मितिमा बीमाङ्क रकमबाट प्रत्येक वर्ष भुक्तानी भएको रकम कट्टा गारी बांकी रहेको बीमाङ्क र नियमानुसारको बोनस रकम ।

(ख) बीमा समाप्ती मिति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही पुरै बीमाङ्क तथा नियमानुसारको बोनस रकम बीमितले इच्छाएको व्यक्ति वा निजको हकवालालाई भुक्तानी गारिनेछ ।

## ऐच्छिक सुविधाहरू :

**१. दुर्घटना मृत्यु लाभ** (Accidental Death Benefit):

यस सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट मृत्यु भएमा बीमाङ्क रकम बराबर वा रु. १,००,००,००० (रु. एक करोड) मध्ये जुन कम हुन्छ सो रकम दुर्घटना मृत्यु लाभ वापत प्रदान गरिनेछ । उक्त रकमको भुक्तानी बीमालेखमा उल्लेखित व्यवस्था बमोजिम गरिनेछ ।

**२. स्थायी पूर्ण अशक्तता लाभ** (Permanent Total Disability Benefit):

यस सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्तता भएमा बीमाङ्क रकम बराबर वा रु. १,००,००,००० (रु. एक करोड) मध्ये जुन कम हुन्छ सो रकम स्थायी पूर्ण अशक्तता लाभ वापत एकमुष्ठ प्रदान गरिनेछ । उक्त रकमको भुक्तानी बीमालेखमा उल्लेखित व्यवस्था बमोजिम गरिनेछ ।

**३. बीमाशुल्क छुट लाभ** (Premium Waiver Benefit):

यस  सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमित दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्त भएमा तत्पश्चात बीमा अवधिको लागि तिर्नु पर्ने बीमाशुल्क भुक्तानीमा पूर्ण छुट प्रदान गरिने छ ।

**४. मासिक आय लाभ** (Monthly Income Benefit):

यस सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमित दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्त भएमा स्थायी पूर्ण अशक्त भएपश्चात बीमितलाई बीमा रकमको १ प्रतिशत बराबर रकम मासिक रुपमा बीमा अवधि समाप्तिसम्म भुक्तानी गरिनेछ ।

**५. काजक्रिया खर्च सुविधा** (Funeral Expense Benefit):

बीमितले अतिरिक्त बीमाशुल्क भुक्तानी गरी काजक्रिया खर्च सुविधा लिएमा बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमितको कुनै कारणबाट मृत्यु भएमा बीमितको परिवारलाई बीमाङ्क रकमको २५ प्रतिशत ले हुने रकम वा रु.५०,००० (रु. पचास हजार) मध्ये जुन कम हुन्छ सो रकम काजक्रिया खर्च वापत प्रदान गरिनेछ ।

**६. सिटिजन घातक रोग सुरक्षा सुविधा** (Citizen Critical Illness Rider):

सिटिजन घातक रोग सुरक्षा सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा Citizen Critical Care अन्तर्गत १३ तथा Citizen Critical Care प्लस अन्तर्गत २० वटा घातक रोगहरुको बीमा रक्षावरण हुनेछ । उक्त रोगहरु निदान भएको अवस्थामा घातक रोग लाभको करारमा उल्लेखित बीमाङ्क भुक्तानी गरिनेछ । यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा उल्लेखित घातक रोगहरुको बीमा रक्षावरण हुनेछ ।

## अतिरिक्त सुविधा तथा लाभहरू :

(क) दुई वर्षको बीमाशुल्क भुक्तानी भए पश्चात बीमालेख कर्जा लिन सकिने ।

(ख) दुई वर्षको बीमाशुल्क भुक्तानी पश्चात स्वत: बीमाशुल्क ऋण सुविधा छनौट गरेको अवस्थामा कथमकदाचित बीमाशुल्क भुक्तानी नभएपनि निश्चित अवधिसम्म जोखिम बहन भईरहने ।

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो
सिटिजन लाइफ इन्स्योरेन्स कं. लि.
प्रधान कार्यालय - टेकु, काठमाडौं
फोन: ०१-४२१६००० । ई-मेल: info@citizenlifenepal.com
वेबसाइट: www.citizenlifenepal.com